# देउमाइ नगरपालिकाको लागत साझेदारी संचालन कार्यविधि, २०८१

## कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।०३।०६

देउमाई नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

मंगलवारे, इलाम, कोशी प्रदेश नेपाल

## लागत साझेदारी सम्बन्धी कार्यविधि, २०८१

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम देउमाई नगरपालिकाको लागत साझेदारी संचालन कार्यविधि, २०८१ रहेको छ। यस कार्यविधि आ.व. २०८१/०८२ को लागत साझेदारी कार्यक्रमलाई व्यवस्थापन गर्न बनाइएको हो।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. नगरपालिका भन्नाले देउमाई नगरपालिका लाई सम्झनुपर्दछ।

ख. साझेदार भन्नाले यस नगरपालिकामा सञ्चालनमा रहेको उपभोक्ता समिति, टोल विकास संस्था, सहकारी, विद्यालय तथा अन्य समूहलाई समेत सम्झनुपर्दछ।

ग. साझेदारी भन्नाले साझेदार/ समूह / संस्थासंग सयुंक्त लगानीमा गरिने साझेदारी रकम लाई सम्झनुपर्दछ।

घ. कार्यक्रम भन्नाले साझेदारी कार्यक्रमलाई सम्झनुपर्दछ।

### परिच्छेद २

### साझेदारीका क्षेत्रहरु र साझेदारीको हिस्सा

३. साझेदारीमा कार्यक्रम सञ्चालन हुने निम्न क्षेत्रहरु रहने छन् र साझेदारिको हिस्सा नगरपालिकाले अधिक्तम ५०% र साझेदारले बाँकी रकम गर्ने छा।

साझेदारीको क्षेत्र

क. सार्वजनिक संस्था, सहकारी, मठ- मन्दिर, गुम्बा, चर्च, मस्जिद लगायतका संरचना निर्माण तथा मर्मत।

ख. सिँचाई सम्बन्धी योजना, नदी नियन्त्रण तथा तटबन्ध निर्माण, आ.सी. सी तथा पि. सी. सी ढलान, रिटेटिङ्ग वाल र मेसिनरी वाल लगायतका आयोजनाहरु,।

ग. खानेपानी ट्याङ्की निर्माण तथा खानेपानी सम्बन्धी अन्य आयोजनाहरु

घ. सडक कालोपत्रे, सडक ट्र्याक खोल्ने कार्य तथा स्तरोन्नति मोटेरेबल पुल निर्माण, विद्युतिकरण र खेल मैदान निर्माण।

ङ. पुरातात्विक साँस्कृतिक र ऐतिहासिक महत्वका सम्पदा संरक्षण, मर्मत तथा सम्भार र पाटी पौवा निर्माण।

च. विद्यालय भवन निर्माण, मर्मत तथा संरक्षण।

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन प्रक्रिया तया छनोटको मापदण्ड

४. कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिमको हुनेछ।

क. साझेदारीमा कार्यक्रम सञ्चालन गर्न ईच्छुक साझेदारले आर्थिक वर्षको पहिलो त्रैमासिक भित्र प्रस्ताव पेश गर्नु पर्ने छ। आर्थिक वर्षको सुरुहुनु भन्दा पहिलेनै प्रस्ताव पेश गरि लागत सहभागिता जम्मा गरेको आयोजनाहरुलाई समेत यसै कार्यविधि अनुरुप लागत साझेदार कार्यक्रममा सहभागि गराइने छ।

ख. प्रस्तावकहरुले संलग्न अनुसूचि बमोजिम निवेदन प्रस्तावना तयार गरी कार्यालयमा पेश गर्नुपर्दछ।

ग . साझेदारले व्यहोर्नुपर्ने रकमको न्युनतम ५०% रकम साझेदारले प्रशताव पेश गर्दा नगरपालिकाको संचितकोसमा जम्मा गर्नु पर्ने छ। साझेदार रकमको बाँकी रकम योजना सम्झौता हुनु भन्दा अगाडि नगर संचित कोषमा जम्मा गर्नु पर्ने छ। ठेक्का प्रकृयाबाट संचालन गरिने योजनाको कुल सम्झौता रकम कार्यक्रमकोलाई लागत कायम गरि बाकिरहेको साझेदारी रकम ठेक्काको सम्झौता हुदासम्ममा जम्मा गर्नु पर्ने छ। आर्थिक वर्षको विनियोजित बजेट भन्दा अधिक हुनेगरि प्रस्ताव प्राप्त भएमा प्राथमिकिकरण गरि आयोजना संचालन गरिने छ। सम्बन्धित आ.व. मा संचालन गर्न नसकिएका स्विकृत आयोजनाहरु आगामि आर्थिक वर्षको प्राथमिकता सूचिमा संलग्न गरिने छ।

प्रमुख प्रशासकीय अधिकृत
इलाम
२०७३

**५. छनोटको प्रकृया:-**

साझेदारी कार्यक्रमको छनौट नगर कार्यपालिकाले गर्ने छ ।

**परिच्छेद ४**

**कार्यक्रम व्यवस्थापन**

६. साझेदारी कार्यक्रम सञ्चालन, व्यवस्थापन र सहजिकरणको नगरपालिकाले गर्ने छ ।

७. कार्यक्रम संचालन प्रकृया ।

क. कार्यक्रम संचालन सार्वजनिक खरिद नियमावलि बमोजिम गरिने छ ।

ख. कार्यक्रमको अधिक्तम ५०% लागत नगरपालिकाले व्यहोर्ने छ । कार्यक्रमको यथार्थ लागत सुरु लागत अनुमान भन्दा कम हुन गएमा खर्चहुने कुल बजेटको ५०% रकम नगरपालिका र ५०% रकम साझेदारले व्यहोर्ने छ । बाँकी रहेको साझेदारि साझेदारलाई फिर्ता गरिने छ ।

ग. कार्यक्रमको अनुगमन नगर अनुगमन समिति साथै साझेदारको छुट्टै अनुगमन समिति गढन गरि संयुक्त रुपले गरिने छ। संयुक्त अनुगमन समितिको सिफारिसमा कार्यप्रगतिको आधारमा भुक्तानि गरिने छ ।

**परिच्छेद ६**

**विविध**

८. कन्टिन्जन्सी र मर्मत संहार कोष नगरपालिकाको अन्य आयोजना सरह कट्टि गरिने छ ।

९. लागत साझेदारि कार्यक्रमको विनियोजित बजेट प्राप्त हुन नसक्ने अव्स्था सृजना भएमा वा अन्य कारणले नगरपालिकाले यो कार्यक्रम रद्द वा संसोधन गर्न सक्ने छ । सो आवस्यक प्रकृया पुरा गरी साझेदारि रकम साझेदारलाई फर्ता गरिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

इलाम २०७३

# अनुसूची १

## साझेदारी कार्यक्रमको लागि आरावेदन पत्र

मिति

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

देउमाई नगर कार्यपालिकाको कार्यालय,

मंगलबारे,इलाम

विपयःप्रस्तावन पेश गरिएको सम्वन्धमा।

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको लागत साझेदारी कार्यक्रम अनुसार ............................................................................................................................आयोजना कार्यान्वयन गर्नको लागि यस सहकारी/उपभोक्ता समिति/समह/ संस्याले देहायका कागजातहरु सहित प्रस्तावना पैश गारिएको व्यहोरा। अनुरोध छ।

निवेदक

संलगन कागजातहर

१. प्राविधिक तया आर्थिक प्रस्तावना

२.सम्बन्धित साझेदार सम्बन्धी कागजातहरु

प्रमुख प्रशासकीय अधिकृत

इलाम
२०७३

# अनुसूची २

## साझेदारी कार्यक्रमको प्रस्तावनाको

भाग १ प्राविधिक प्रस्तावना

१. आयोजनाको नाम

२. पृष्ठभूमी

३.प्रस्तावित आयोजनाको कार्यक्षेत्र र लाभान्वित परिवार

४.अपेकसषित उपलब्धी र प्रभाव

५. जनशक्ति व्यवस्थापन

६. आयोजनाको समायावधि

७. सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाई

८. कार्यन्वयन प्रकृया

भाग २ आर्थिक प्रस्तावना

१. कुल बजेटः-
२. साझेदार रकम जम्मा गर्ने समय
    क. पहिलो २५% ;-
    ख. दोस्रो २५%;-

आज्ञाले,

हरि बहादुर दहाल

प्रमुख प्रशासकीय अधिकृत